# नेपाल

**देशको संक्षिप्त विवरण**

**2016**
**सेप्टेम्बर**

Development Initiatives
P20 INITIATIVE

www.devinit.org/p20i

यो देशको संक्षिप्त विवरण डेभलपमेन्ट इनिसिएटिभ्स (Development Initiatives) द्वारा 2030 एजेन्डा फर सस्टेनेबल डेभलपमेन्ट (दिगो विकासका लागि एजेन्डा 2030) मा राष्ट्रिय संवादमा सहयोग पुर्याउन तयार गरिएको हो। सन् 2015 को जुलाईमा स्थापित लिभ नो वान बिहाइन्ड [Leave No One Behind (कोही पनि पछि नछुटून्)] साझेदारीको एक संस्थापक साझेदारका हैसियतमा हाम्रो भूमिका भनेको कोही पनि पछि नछुटेको सुनिश्चित गर्न सक्ने गरी दिगो विकासका लक्ष्यहरू (SDGs) को तुलनामा प्रगतिको लेखाजोखा राख्नको लागि सहयोग पुर्याउन राष्ट्रिय स्तरमा तथ्याङ्कहरू उपलब्ध गराउनु हो।

## गरिबी सम्बन्धी विवरण

- नेपालको राष्ट्रिय गरिबी रेखा प्रति दिन नेपाली रुपैयाँ (NPR) 52.77 रहेको छ। सबैभन्दा पछिल्लो उपलब्ध तथ्याङ्क (सन् 2010) का आधारमा, जनसङ्ख्याको 25.2% यस रेखाको मुनि छन्, जस मध्ये 89.8% ग्रामिण क्षेत्रमा बस्छन्।
- नेपालमा, प्रति दिन PPP$1.90 भन्दा कममा बाँच्ने भनेर परिभाषित गरिएको चरम गरिबी सन् 1990 देखि यता निरन्तर घट्दैछ र सन् 1990 को 69.3% बाट झरेर सन् 2012 मा 9.3% पुगेको छ।
- सन् 2010 सम्ममा नेपालका सबैभन्दा धनी 20% को हिस्सामा राष्ट्रिय आयको 41.4% पर्छ, जबकि सबैभन्दा गरिब 20% को हिस्सामा 8.3% पर्छ।

**राष्ट्रिय गरिबी रेखा (नेपाली रुपैयाँ प्रति दिन)**

52.77

दृष्टव्य: सन् 2012 तथ्याङ्क, स्रोत: विश्व बैंकको पोभक्लनेटका आधारमा डेभलपमेन्ट इनिसिएटिभ्स

**राष्ट्रिय गरिबी रेखा मुनि रहेका जनसङ्ख्या %**

25.2%

दृष्टव्य: सन् 2010 तथ्याङ्क, स्रोत: विश्व विकास सूचकहरू

**ग्रामिण क्षेत्रमा राष्ट्रिय गरिबी रेखा मुनि रहेका जनसङ्ख्या %**

89.8%

दृष्टव्य: 2010 तथ्याङ्क, स्रोत: विश्व विकास सूचकहरू

**औसत घरेलु आय प्रति महिना (सन् 2011 PPP$)**

135.50

दृष्टव्य: 2012 तथ्याङ्क, स्रोत: विश्व बैंकको पोभक्लनेट

**अन्तर्राष्ट्रिय चरम गरिबी रेखा मुनि रहेका जनसङ्ख्या %**

9.3%

दृष्टव्य: 2012 तथ्याङ्क, अन्तर्राष्ट्रिय चरम गरिबी रेखा सन् 2011 PPP$ 1.90/दिन हो। स्रोत: विश्व बैंकको पोभक्लनेट

डेभलपमेन्ट इनिसिएटिभ्स [Development Initiatives (DI)] गरिबी निवारण र दिगो विकासलाई अगाडि बढाउन तथ्याङ्कको प्रयोग सम्बन्धी काम गर्ने एउटा स्वतन्त्र अन्तर्राष्ट्रिय विकास संस्था हो।

## के समय सँगै गरिबी घट्दैछ ?




स्रोत: विश्व बैंकको पोभक्लनेटका आधारमा डेभलपमेन्ट इनिसिएटिभ्स

## आय कसरी वितरण गरिएको छ ?




स्रोत: विश्व विकास सूचकहरू

# आर्थिक विवरण

- सन् 2015 मा, दक्षिण एसियाको क्षेत्रीय औसत PPP$5,320 को तुलनामा नेपालको GDP प्रति व्यक्ति PPP$2,313 थियो ।
- गिनी इन्डेक्सले कुनै राष्ट्रको बासिन्दाहरूको आय वितरण मापन गर्छ जसमा 0 को अर्थ प्रत्येकको आय समान छ भन्ने हुन्छ भने 100 को अर्थ एक जनाले मात्र सम्पूर्ण आय गर्छ भन्ने हुन्छ । सन् 2010 मा नेपालमा, गिनी इन्डेक्स 32.75 थियो, जुन सन् 2003 को 43.26 बाट तल झरेको हो र यसले नेपालको आयमा समान रूपमा वितरण बढ्दै गरेको देखाउँछ ।
- संयुक्त राष्ट्र विकास कार्यक्रम (UNDP) को मानव विकास सूचकांक (HDI) (सन् 2015) मा 188 राष्ट्रहरू मध्ये नेपाल 0.548 अङ्कका साथमा 145औं स्थानमा छ ।

| GDP प्रति व्यक्ति (सन् 2011 PPP$) | मानव विकास सूचकांक क्रम | गिनी इन्डेक्स |
|---|---|---|
| 2,313.4 | 154/188 | 32.75 |
| दृष्टव्य: 2015 तथ्याङ्क, स्रोत: विश्व विकास सूचकहरू | दृष्टव्य: 2015 तथ्याङ्क, स्रोत: संयुक्त राष्ट्र विकास कार्यक्रम | दृष्टव्य: 2010 तथ्याङ्क, स्रोत: विश्व बैंकको पोभक्लनेट |

# शैक्षिक क्षेत्रका परिणामहरू

- सन् 2014 मा, शिक्षाको क्षेत्रमा दक्षिण एसियाको क्षेत्रीय औसत PPP$232.39 को तुलनामा नेपाल सरकारले प्रति व्यक्ति PPP$107.14 खर्च गरेको थियो ।
- सन् 2011 मा, नेपालको वयस्क साक्षरता दर 59.6% रहेको छ, जो सन् 2001 को 48.6% भन्दा बढेको छ ।

### वयस्क साक्षरता दर

# 59.6%

दृष्टव्य: 2011 तथ्याङ्क, स्रोत: विश्व विकास सूचकहरू

### शिक्षामा प्रति व्यक्ति सरकारी खर्च (सन् 2011 PPP$)

# 107.14

दृष्टव्य: 2014 तथ्याङ्क,. स्रोत: विश्व विकास सूचकहरूका आधारमा डेभलपमेन्ट इनिसिएटिभ्स

## स्वास्थ्य क्षेत्रका परिणामहरू

- नेपालमा अनुमानित आयु सन् 1990 को 54.2 बाट निरन्तर रूपमा बढ्दै सन् 2014 मा 69.9 पुगेको छ ।
- सन् 1990 देखि यता, 5 वर्ष मुनिका बच्चाहरूको मृत्यु दर प्रति 1,000 मा 141 बाट झरेर सन् 2015 मा प्रति 1,000 मा 36 मा आएको छ ।
- सन् 2014 मा, दक्षिण एसियाको क्षेत्रीय औसत PPP$68.91 को तुलनामा नेपालको स्वास्थ्य सेवा क्षेत्रमा सरकारी खर्च प्रति व्यक्ति PPP$53.12 थियो ।

### जन्मको समय अनुमानित आयु




स्रोत: विश्व विकास सूचकहरूका आधारमा डेभलपमेन्ट इनिसिएटिभ्स,

### पाँच वर्ष मुनिको मृत्यु दर प्रति 1,000 मा




स्रोत: विश्व विकास सूचकहरूका आधारमा डेभलपमेन्ट इनिसिएटिभ्स

### स्वास्थ्य सेवामा प्रति व्यक्ति सरकारी खर्च (सन् 2011 PPP$)

# 53.12

दृष्टव्य: 2014 तथ्याङ्क, स्रोत: विश्व विकास सूचकहरूका आधारमा डेभलपमेन्ट इनिसिएटिभ्स

दृष्टव्य: यो विवरणमा रहेका आर्थिक, स्वास्थ्य तथा शिक्षा सम्बन्धी तथ्याङ्कहरू विश्व बैंकको विश्व विकास सूचकहरू तथा UNDP को HDI का आधारमा डेभलपमेन्ट इनिसिएटिभ्सका गणनाहरू हुन्; कृपया सरकारी खर्चको पूर्ण परिभाषाका लागि उक्त स्रोतहरू हेर्नुहोस् । गरिबी तथ्याङ्कहरू विश्व बैंकको पोभक्लनेटका आधारमा डेभलपमेन्ट इनिसिएटिभ्सका गणनाहरू हुन् ।

डेभलपमेन्ट इनिसिएटिभ्स [Development Initiatives (DI)] गरिबी निवारण र दिगो विकासलाई अगाडि बढाउन तथ्याङ्कको प्रयोग सम्बन्धी काम गर्ने एउटा स्वतन्त्र अन्तर्राष्ट्रिय विकास संस्था हो ।

## SDGs हासिल गर्ने

यदि गरिबी समाप्त गर्दै SDGs हासिल गर्ने वैश्विक प्रयासहरू गर्नु हो भने, कोही पनि पछि नछुट्नु जरुरी हुन्छ; प्रत्येकका लागि हासिल नभएसम्म SDGs हासिल भएको मानिँदैन । पछिल्ला 15 वर्ष भित्रमा नेपालको गरिबी तथा असमानतामा उल्लेख्य रूपमा कमी आएको भएता पनि विशेष गरि ग्रामिण क्षेत्रका मानिसहरू अझैपनि पछि परेका छन् ।

यद्यपि, हालका तथ्याङ्कहरू को-को पछि छुट्दैछन्, उनीहरू कहाँ बस्छन् र किन पछि छुट्दैछन् भनेर हामीलाई सटीक रूपमा बताउन त्यति पर्याप्त छैनन् । स्रोतहरूमा सही लक्ष्य राख्न र उनीहरूको प्रगति पत्ता लगाउन हामीले उनीहरू को-को हुन् भन्ने राम्ररी जान्नु आवश्यक हुन्छ । यो हासिल गर्न हामीलाई कमसेकम भूगोल, लिङ्ग, उमेर तथा अपाङ्गता अनुसार पृथक गरिएका अझ धेरै र सटीक तथ्याङ्कहरूको आवश्यकता पर्छ ।

डेभलपमेन्ट इनिसिएटिभ्सको एउटा नयाँ परियोजना, P20 इनिसिएटिभ (P20 Initiative), ले यहीं काम गर्नेछ । P20 इनिसिएटिभले विश्व व्यापी रूपमा सबैभन्दा गरिब 20% मानिसहरूका सम्बन्धमा सुधार आउँदैछ वा आएको छैन भनेर जानकारी गराउने तथ्याङ्कहरू उपलब्ध गराउनेछ । यसले यो काम विद्यमान तथ्याङ्कहरू जम्मा पारी यसको प्रयोग गर्दै मानिसहरू सम्बन्धी अझ राम्रो तथ्याङ्क पृथक गरेर गर्नेछ र यसबाट हामीले सबैभन्दा पछाडि रहेका मानिसहरू समक्ष पहिला पुगेर प्रगतिमा सामेल गराउन सक्ने सुनिश्चित गर्न सक्छौं र यसो गर्दा सबैका लागि SDGs हासिल गर्न सकिने हुन्छ ।

### सम्पर्क:

यदि तपाईं यो सारांशमा उपलब्ध गराइएका कुनैपनि तथ्याङ्कका सम्बन्धमा वा P20 इनिसिएटिभ बारे थप जानकारी चाहनुहुन्छ भने कृपया क्याट ल्यांगडन (Cat Langdon) लाई cat.langdon@devinit.org मा सम्पर्क गर्नुहोस् ।

---

लिभ नो वान बिहाइन्ड (Leave No One Behind) साझेदारीले वैश्विक गतिलाई अगाडि बढाइ यो हासिल होस् भन्ने सुनिश्चित गर्न चाहन्छ । संयुक्त अधिराज्यको अन्तर्राष्ट्रिय विकास विभाग (United Kingdom's Department for International Development) को सहयोगमा तीनवटा अन्तर्राष्ट्रिय गैर-नाफामूलक संस्थाहरू [CIVICUS, डेभलपमेन्ट इनिसिएटिभ्स (Development Initiatives), तथा प्रोजेक्ट एभ्रिवान (Project Everyone)] बाट निर्मित हामी लिभ नो वान बिहाइन्डको प्रतिज्ञालाई शब्दबाट वास्तविकतामा बदल्नको लागि सुनिश्चित गर्ने उद्देश्यले एउटा वैश्विक अभियानलाई उत्प्रेरित गर्न संस्थापक साझेदारहरूका रूपमा एकसाथ आएका छौं ।

लिभ नो वान बिहाइन्ड साझेदारीका बारेमा थप जानकारीका लागि कृपया info@leavenoonebehind.global मा इमेल गर्नुहोस् वा www.leavenoonebehind.global मा जानुहोस् ।

SUPPORTED BY

डेभलपमेन्ट इनिसिएटिभ्स [Development Initiatives (DI)] गरिबी निवारण र दिगो विकासलाई अगाडि बढाउन तथ्याङ्कको प्रयोग सम्बन्धी काम गर्ने एउटा स्वतन्त्र अन्तर्राष्ट्रिय विकास संस्था हो ।